मिति: २०८०/०३/०४ समय: ४:३० बजे

MBK JCL
ESTD. 2010

# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

*(सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७९ को अनुसूची-२ बमोजिम)*

## निर्वाचन अधिकृतको कार्यालय

### निर्वाचन कार्यक्रमको सूचना

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको सञ्चालक समितिमा **सर्वसाधारण** समूहका शेयरवालाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ४ **(चार)** जना सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि तपसिल बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरिएकोले यो सूचना प्रकाशित गरिएको छः-

| क्रसं | कार्यक्रम | मिति (वि.सं.) | समय (बजे) | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०८०।०३।११ | १०:०० | | निर्वाचन अधिकृतको कार्यालय (कम्पनीको केन्द्रीय कार्यालय) महाराजगंज, काठमाडौं | |
| २ | मतदाता नामावलीमा दाबी विरोध गर्ने | २०८०।०३।१२ | १०:०० | ११:०० | ऐ ऐ | |
| ३. | मतदाता नामावलीमा छानविन गरी अन्तिम मतदाता नामावली प्रकाशित गर्ने | २०८०।०३।१२ | १६:०० | | ऐ ऐ | |
| ४ | उमेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८०।०३।१३ | ११:०० | १४:०० | ऐ ऐ | |
| ५ | मनोनयन पत्र दर्ता भएका उमेदवारको सूची प्रकाशित गर्ने | २०८०।०३।१३ | १५:०० | | ऐ ऐ | |
| ६ | उमेदवारको विरोधमा उजूरी दिन सक्ने | २०८०।०३।१३ | १६:०० | १७:०० | ऐ ऐ | |
| ७ | उमेदवारको मनोनयनपत्रको जाँच र उजूरी उपर निर्णय गरी नामावली प्रकाशित गर्ने | २०८०।०३।१४ | १३:०० | | ऐ ऐ | |
| ८ | उमेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने | २०८०।०३।१४ | १३:३० | १७:०० | ऐ ऐ | |
| ९ | उमेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०८०।०३।१५ | १३:०० | | ऐ ऐ | |
| १० | मतदान गर्ने | २०८०।०३।२० | १३:०० | १६:०० | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौं | |
| ११ | मतगणना गर्ने | २०८०।०३।२० | मतदान कार्य समाप्त भएपछि | | ऐ ऐ | |
| १२ | निर्वाचन परिणाम घोषणा गर्ने | २०८०।०३।२० | मतगणना समाप्त भएपछि | | ऐ ऐ | |



MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

निर्वाचन कार्यक्रमको सूचना

मिति: २०८०/०३/०४ समय: ४:३० बजे

द्रष्टव्य:

१. मतदाता नामावली **ग्लोबल आइएमई क्यापिटल लिमिटेड**द्वारा विद्युतीय माध्यमबाट प्राप्त भए अनुसार प्रकाशित गरिनेछ । कसैलाई मतदाता नामावली चाहिएमा विद्युतीय माध्यमबाट सिडी वा पेन ड्राइभमा कपी गरी तोकिएको रकम लिई उपलब्ध गराउन सकिनेछ ।

२. उमेदवारले आफ्नो उमेदवारी मनोनयनपत्र दर्ता गर्न आउँदा आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शेयरधनीको प्रमाण (शेयर अभौतिकरण भएका शेयरधनी शेयरधनीको हकमा हितग्राही खाताको विवरण र शेयर अभौतिकरण नभएका शेयरधनीको हकमा शेयर आवेदन फारमको अर्धकट्टी), कर चुक्ताको प्रमाणपत्र, वैयक्तिक विवरण, कालोसूचीमा नपरेको निस्सा सहित र संगठित संस्थाको तर्फबाट उमेदवारी दिने भएमा संस्थाको दर्ता प्रमाणपत्र, पछिल्लो शेयर लगत, संस्थाको निर्णयको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्र र संस्थाको प्रतिनिधिको समेत कर चुक्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३. उमेदवार हुन कम्पनीको नियमावली, सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, यस कम्पनीसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन एवं अन्य प्रचलित कानूनले तोकिए बमोजिम अयोग्य नरहेको हुनुपर्नेछ तथा उमेदवारले आफ्नो उमेदवारी दर्ता गर्न आउँदा सो को स्व-घोषणा समेत उमेदवारले पेश गर्नुपर्नेछ ।

४. उमेदवारी मनोनयन दर्ता गर्न उमेदवार स्वयम् या रीतपूर्वकको वारेस र प्रस्तावक, समर्थक समेत स्वयम् उपस्थित हुनुपर्नेछ । प्रस्तावक, समर्थकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शेयरधनी प्रमाणपत्र वा डिम्याट बिबरणको प्रतिलिपि समेत साथै पेश गर्नुपर्नेछ ।

५. कुनै शेयरधनीको एक भन्दा बढि शेयरधनी नं/बीओआई डि नं खाता भएमा हरेक खाताको अलग अलग प्रतिनिधि फाराम भरी बुझाउनु पर्नेछ ।

६. शेयरधनीको नाम, थर, हस्ताक्षर नभएको वा नमिलेको, शेयरधनी नं./बीओआईडी नं नभएको वा नमिलेको, केरमेट गरेको वा टिपेक्स लगाएको प्रतिनिधि पत्र बदर हुनेछ ।

७. भौतिक (डिम्याट) र अभौतिक (ननडिम्याट) फारमको अलग अलग पञ्जिका र फाइल हुनु पर्नेछ ।

८. निर्वाचन कार्यक्रम तालिकामा तोकिएको दिन र समयमा सार्वजनिक विदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

९. मतदान हुने दिन मिति २०८०।०३।२० मा जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समयदेखि ३ (तीन) घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ ।

१०. मतदाता शेयरधनीले आफ्नो शेयरधनीको प्रमाणको नेपाल सरकारबाट जारी भएको फोटो सहितको प्रमाण पत्र (नागरिकता आदि) लिई आउनुपर्नेछ ।

११. अन्य थप जानकारीका लागि कम्पनीबाट प्रकाशित सूचना, मध्य भोटेकोशी जलविद्युत् कम्पनी लि. को सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७९ तथा निर्वाचन अधिकृतले प्रकाशित गरेका सूचनाहरु हेर्नु हुन सूचित गरिन्छ ।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

.............................................
अधिवक्ता डा. पुण्यप्रसाद खतिवडा
निर्वाचन अधिकृत